उन्नाइसौं गाउँसभामा २०८३ असार १० गते बुधवार

सभाध्यक्ष श्री कैसाङ नुर्पु तमाङज्यूद्वारा

प्रस्तुत

# आर्थिक वर्ष २०८३ /०८४ को
# वार्षिक नीति तथा कार्यक्रम

स्थानीय सरकार

गोसाईकुण्ड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रुबेंशी, रसुवा

वागमती प्रदेश,नेपाल

गाउँसभाका सदस्यहरू,

१. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र, दिगो विकास लक्ष्य, राष्ट्रिय विकास नीति, सोह्रौं योजना तथा गोसाईकुण्ड गाउँपालिकाको आवधिक योजनालाई मार्गदर्शनका रूपमा ग्रहण गर्दै आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु। हाम्रो गाउँपालिकाले अवलम्बन गरेको "जलविद्युत, पर्यटन, रसुवागढी नाका, पूर्वाधार र शिक्षा, सुसंस्कृति र समृद्ध गोसाईकुण्ड, लाङटाङ हाम्रो सदिक्षा" भन्ने दीर्घकालिन सोच र अवधारणालाई निरन्तरता दिदैं गाउँपालिकाको विकास र गाउँबासीको सेवामा निरन्तर अघि बढ्ने क्रममा हामी यो उन्नाइसौं गाउँसभामा सहभागी भइरहेका छौं।

२. यस गौरवपूर्ण अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, सशस्त्र संघर्ष, मधेश आन्दोलन, जनजाति आन्दोलन, जेन्जी आन्दोलन लगायत विभिन्न राजनीतिक, सामाजिक तथा परिवर्तनका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात तथा अज्ञात सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र बेपत्ता योद्धा, घाइते तथा अपाङ्गता भएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरूको योगदानलाई सदैव स्मरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। साथै, राष्ट्र निर्माण, लोकतन्त्र स्थापना, सामाजिक रूपान्तरण, स्थानीय स्वायत्त शासनको सुदृढीकरण तथा जनताको अधिकार प्राप्तिका लागि विभिन्न कालखण्डमा योगदान पुऱ्याउनु हुने अग्रज राजनीतिक व्यक्तित्व, सामाजिक अभियन्ता, राष्ट्रसेवक, बुद्धिजीवी तथा सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

३. हिमाल, धर्म, संस्कृति, जैविक विविधता तथा प्राकृतिक सम्पदाले सम्पन्न गोसाईकुण्ड गाउँपालिकाको समग्र विकास, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, उत्पादन वृद्धि, पर्यटन प्रवर्द्धन तथा नागरिकको जीवनस्तर सुधारलाई यस नीति तथा कार्यक्रमको मूल उद्देश्य बनाइएको छ। गोसाईकुण्ड गाउँपालिकाको समृद्धि, सुशासन र दिगो विकासको यात्रामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण नागरिक, जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार, निजी क्षेत्र, सञ्चारकर्मी तथा सरोकारवालाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**गाउँसभाका सदस्यहरू,**

४. अब म चालु आर्थिक वर्षको हालसम्मको प्रमुख उपलव्धीलाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु। नेपालको संविधानको धारा ३५ अनुसार आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क, गुणस्तरीय तथा सर्वसुलभ बनाउने उद्देश्यले गाउँपालिकाले ११ वटा स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गर्दै आएको छ। स्वास्थ्य पूर्वाधार विकास, डिजिटल स्वास्थ्य सूचना प्रणाली (eHMIS), घुम्ती स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य प्रवर्द्धन, निःशुल्क प्याथोलोजी तथा विशेषज्ञ स्वास्थ्य शिविरमार्फत स्वास्थ्य सेवाको पहुँच समुदायस्तरसम्म विस्तार

गरिएको छ। साथै, निःशुल्क हेलि रेस्क्यू, एम्बुलेन्स सेवा तथा फिजियोथेरापी सेवाको व्यवस्थामार्फत नागरिकमैत्री र गुणस्तरीय स्वास्थ्य प्रणाली विकासमा उल्लेखनीय उपलब्धि हासिल गरिएको छ। ७० वर्षका ज्येष्ठ नागरिक, क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरू र दीर्घ रोगी गरी यस गाउँपालिकाका करिव ७०० जनालाई निःशुल्क रुपमा निमोनियाको खोप लगाइएको छ। यस्तो खोप लगाउने सबै गाउँपालिकामध्ये देश कै पहिलो गाउँपालिका बनेको छ। यस गाउँपालिका बासिन्दालाई पचास प्रतिशत र ज्येष्ठ नागरिकलाई पूर्ण रुपमा छुटको व्यवस्था सहित दुई वटा एम्बुलेन्सहरूबाट सेवा प्रदान गर्दै आइरहेको छ। साथै, बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयले प्रदेश भरिका ११९ वटा स्थानीय तहहरू मध्ये आर्थिक वर्ग २०८०/०८१ र २०८१/०८२ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरू लगायतको मूल्याङ्कनमा उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने पालिका घोषणा गरेको थियो ।

५. यस गाउँपालिकाबाट प्रदान गरिने सेवाहरू सूचना प्रविधि मैत्री र Online बनाउने क्रममा सामाजिक सुरक्षा भत्ता वितरण पूर्णरुपमा अनलाइन प्रणाली मार्फत भुक्तानी हुने व्यवस्था गरिएको छ। विद्युतीय हाजिरीलाई थप विस्तार र व्यवस्थित गर्दै कर्मचारीहरूको उपस्थितिलाई कार्यसम्पादनसँग आबद्धता गर्ने प्रयास गरिएको छ। राजश्व सङ्कलनलाई भरपर्दो बनाउन SUTRA मा आधारित राजश्व रसिदको प्रयोग गरी राजस्व चुहावटको सम्भावनालाई कम गरिदै लगिएको छ।साथै, जिल्लाकै पहिलो विद्युतीय हाजिर गर्ने पालिका रहेको छ।

६. वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन कार्यको लागि ICIMOD, NTB (UNDP-STP), Clean UP Nepal र PSD Nepal सँगको सहकार्यमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यक्रमहरू शुरू गरिएको छ। वडागत रुपमा समितिहरू गठन भई फोहोर उठाउने कार्य शुरु भएको छ। डम्पिङ साइटको रुपमा फोहोर सङ्कलन संरचनाहरू निर्माण गरिएको छ। PSD Nepal को सहयोगमा यस गाउँपालिकामा काम गर्ने गरी एकजना वातावरण अधिकृत नियुक्त गरिएको छ। साथै प्रत्येक शुक्रवार पालिकास्तरिय सरसफाई कार्यलाई वडा विद्यालय र अन्य सार्बजानिक क्षेत्रहरूमा पनि विस्तार गर्ने योजना रहेको छ ।

७. गाउँपालिकाका सबै वडाहरूमा यस आ· व· मा नयाँ सडक निर्माण र स्तरोन्नती १३·८३ कि मि, विध्यालय तथा सामुदायिक भवन ३ वटा, स्वास्थ्य संस्थाहरूको भवन निर्माण तथा मर्मत ४ वटा र नयाँ गुम्बा तथा मठमन्दिरहरू निर्माण र स्तरोन्नती १६ वटा साथै सिंचाई तथा खानेपानी ५वटा जस्ता पूर्वाधारका कामहरू प्रभावकारी रुपमा कार्यान्वयन गरिएका छन्। विपद् व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरू खरिद गरी सम्बन्धित सुरक्षा निकायहरूलाई प्रदान गरिएको छ।

८. गोसाईकुण्ड गाउँपालिका धार्मिक र पर्यटकीय रुपमा अति महत्त्वपूर्ण ठाउँ भएकाले पर्यटन बोर्ड अन्तरगत UNDP को (STP) सँगको साझेदारीमा पर्यटकीय पूर्वाधार निर्माण गर्ने क्रममा संग्रहालय तथा कोसेली घर संचालन, पर्यटक विश्राम स्थल, पर्यटन सूचना पाटी/साइनबोर्ड र पर्यटक संकेत बोर्ड जस्ता क्रियाकलापहरू गर्ने गरी कार्यक्रम अगाडि बढाइएको छ।

९. सामुदायिक विद्यालयका सम्पूर्ण विद्यार्थीहरूलाई नि:शुल्क रुपमा पोशाक एवम् शैक्षिक सामग्रीको व्यवस्था गरिएको छ। यस गाउँपालिकामा रहेका दुईवटा माध्यमिक तह पढाई हुने सामुदायिक विद्यालयका लागि नि:शुल्क बसको व्यवस्था गरिएको छ। विद्यार्थीहरूको पढाईको वातावरण व्यवस्थापन गर्न नि:शुल्क छात्रावासको अभ्यास गरिएको छ।

१०. यस गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूबाट शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परिक्षा (SEE) मा देश भरिकै ७५३ वटा स्थानीय तह मध्ये शतप्रतिशत नतिजा हासिल गर्ने पालिका हुन सफल रहेको साथै रसुवा जिल्लामै पहिलो पटक ४ जि.पि.ए. ल्याई उत्कृष्ट नतिजा हासिल गरेकी नमूना एभरग्रिन ईङ्गलिस बोर्डिङ स्कुल, धुन्चेमा अध्ययनरत सोनिया तामाङ लगायत विद्यालयहरूलाई गाउँपालिकाबाट सम्मान गरिएको छ।

११. गाउँपालिका भित्रका १५५ वटा कुकुरहरूलाइ स्थाई बन्ध्याकरण र रेविज विरुद्द खोप कार्यक्रम सञ्चालन गरिएको छ। पशुपालन कृषकहरूलाइ निःशुल्क खोप कार्यक्रम सचालन गरिएको छ। पचास प्रतिशत साझेदारीमा चौंरी प्रवर्द्धन कार्यक्रम, बाख्रा प्रवर्द्धन कार्यक्रम र रेन्बोट्राउट माछा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। पशुधन क्षति न्यूनीकरणका लागि पशुहरूमा बिमा कार्यक्रम लागू गर्न किसानहरूमा जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

१२. गाउँपालिका बासी कृषकहरूलाई नि:शुल्क तरकारी मिनिकट (बिउ), जैविक विषादी, स्प्रे तथा बिरुवालाई चाहिने खाद्यतत्त्व वितरण गरिएको छ। गाउँपालिकाका केही ठाउँमा कागती तथा सुन्तला खेती सम्बन्धी सामाग्री वितरण सहित तालिम सञ्चालन गरिएको छ। गाउँपालिकाका किसानहरू लाभान्वित हुने गरी पचास प्रतिशत लागत साझेदारीमा स्थायी प्लाष्टिक घर निर्माण र साना सिंचाई कार्यक्रम सञ्चालन गरिएको छ।

१३. माथि उल्लेखित उपलब्धिहरुका अतिरिक्त गोसाइकुण्ड गाउँपालिकाको गौरवका योजनाहरू जस्तै धुन्चे गोसाइकुण्ड केवलकार पालिकाभित्रका रणनीतिक महत्व बोकेका सडक सञ्जालहरू र पर्यटन पदमार्गहरू निमार्ण तथा मर्मत गर्ने तीव्र चहाना हुँदा हुँदै पनि राष्ट्रिय निकुञ्ज ऐन, २०२९ बाधक रहेकोले उक्त विकास निर्माणका क्रियाकलापहरू समयमा सम्पन्न गर्न कठिनाई रहेको छ।

**गाउँसभाका सदस्यहरू,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमहरू यस गरिमामय गाउँ सभाको अधिवेशनमा प्रस्तुत गर्दछु।

## क) <u>आर्थिक विकास नीति</u>

१४. गाउँपालिकाको कृषि, पर्यटन, पशुपालन, जडीबुटी, जलस्रोत, लघु उद्योग तथा सेवा क्षेत्रलाई आर्थिक विकासका प्रमुख आधार क्षेत्रका रूपमा विकास गर्दै स्थानीय स्रोत, उत्पादन र उद्यमशीलतामा आधारित आत्मनिर्भर अर्थतन्त्रलाई समृद्धिको आधार बनाउँदै दिगो, फराकिलो र आत्मनिर्भर आर्थिक विकास गरिनेछ।

### <u>उद्योग र पर्यटन व्यवसाय कार्यनीति</u>

१५. गाउँपालिकाको आर्थिक संरचनालाई उत्पादनमुखी, रोजगारीमूलक तथा दिगो बनाउँदै स्थानीय स्रोतसाधन, श्रम, सीप र उद्यमशीलताको अधिकतम परिचालन गरिनेछ।

१६. "हाम्रो उत्पादन हाम्रो स्वाभिमान" अन्तर्गत स्थानीय उत्पादनलाई प्रवर्द्धन र प्रोत्साहन गरिनेछ। स्वरोजगारका लागि आवश्यक सीप, पुँजी र व्यावसायिक तालिम उपलव्ध गराउनुको साथै प्रविधि हस्तान्तरणमा सहजीकरण गरिनेछ।

१७. स्थानीय उद्यम, साना तथा घरेलु उद्योगको स्थापना, विस्तार र प्रवर्द्धनका लागि व्यवसाय दर्ता, क्षमता विकास तथा सहजीकरण सेवा प्रभावकारी बनाइनेछ। महिला, दलित, विपन्न तथा लक्षित वर्गको आर्थिक सशक्तीकरणका लागि आयआर्जन तथा उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१८. युवालाई स्वरोजगार तथा उद्यमशीलतामा आकर्षित गर्न सीपमूलक तालिम, व्यवसाय परामर्श तथा नवप्रवर्तनमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप, पुँजी र अनुभवलाई स्थानीय आर्थिक गतिविधिसँग आबद्ध गरिनेछ।

१९. यस पालिकाका विभिन्न पर्यटन पदमार्गहरू र पर्यटन क्षेत्रलाई थप व्यवस्थित र सम्बर्द्धन गर्न विशेष पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२०. "घुमौं **गोसाईकुण्ड, लाङटाङः प्रकृतिसँगको यात्रा, समृद्धिको आधार" भन्ने नाराका साथ गाउँपालिकाभित्रका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू पहिचान गरी अभिलेखीकरण र प्रचारप्रसार गर्नको लागि सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ।**

२१. स्थानीय उत्पादन र मौलिकतालाई प्राथमिकतामा राख्न उत्प्रेरित गर्दै होटल व्यवसायीलाई अझै भरपर्दो, मर्यादित र व्यवस्थित बनाइने नीति लिइनेछ।

२२. नयाँ पर्यटन पदमार्गको खोजी तथा हाल सञ्चालनमा रहेका पदमार्गहरूको प्रवर्द्धनमा विषेश जोड दिइनेछ। पर्यटन प्रवर्द्धनको लागि पर्यटन बोर्ड, निजी क्षेत्र तथा सरोकारवाला निकायसँगको साझेदारीमा पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२३. गाउँपालिका भित्रका प्राकृतिक, धार्मिक र सांस्कृतिक स्थलहरूको सहज यात्राको लागि सङ्केत एवम् निर्देशन बोर्ड र सूचना पार्टीहरूको प्रयोग मार्फत पर्यटकहरूलाई सहजता प्रदान गरिनेछ।

२४. गाउँपालिका भरिका पर्यटकहरूको सुरक्षालाई ध्यानमा राखी पर्यटन सूचना एप सञ्चालनमा ल्याइनेछ।

२५. लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र सञ्चालित होटेल व्यवसायलाई थप व्यवस्थापन, जिम्मेवार र अतिथि सत्कार कार्यलाई थप प्रभावकारी वनाउन सम्बन्धित निकाय क्षेत्र र व्यवसायीहरूसँग थप समन्वय, सहकार्य र सहयोग गरिनेछ।

<u>कृषि विकास कार्यनीति</u>

**“फलफूल खेती तथा उच्च मूल्यका बालीः समृद्ध किसान, आत्मनिर्भर गोसाईकुण्ड गाउँ पालिकावासी” मूल द्धेयका कार्यनिती लिइनेछ ।**

२६. सबै वडाहरुमा कृषि इकाई स्थापना गरी सम्पूर्ण कृषकहरूको लागि कृषि प्राविधिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिनेछ।

२७. बीउबिजन, फलफुलका बिरुवा,च्याउ खेती, पूष्प खेती तथा जैविक विषादी अनुदान र निश्चित समय तालिका बनाएर उपयुक्त समयमा उपयुक्त बीउबिजन उपलब्ध गराउने नितिलाई निरन्तरता दिइनेछ ।

२८. गोसाईकुण्ड गाउँपालिकालाई उच्च मूल्यका जैविक तथा शीतोष्ण कृषि उत्पादनको नमूना स्थानीय तहका रूपमा विकास, एक वडा-एक मुख्य उत्पादन, एक टोल-एक व्यावसायिक समूह, एक घर-एक करेसाबारी अभियान सञ्चालन गरिनेछ।

२९. एक विद्यालय एक करेसावारी कार्यक्रम मार्फत सामुदायिक विद्यालयको खाली रहेको जग्गामा विभिन्न कृषि कार्यक्रम सञ्चालन गरी पढ्दै कमाउँदै कार्यक्रम लागू गरी आगामी बर्षहरुमा कृषि प्राविधिक विद्यालय स्थापना गरिने नीतिलाई निरन्तरता दिइनेछ।

३०. उच्च घनत्वको स्याउ खेतीलाई गाउँपालिकाको चिनारीको रुपमा विस्तार गरिनेछ।

३१. वैज्ञानिक खेतीका लागि माटोको उर्वरा शक्ति कायम राख्दै माटोको परिक्षण ल्याव सेवा, कम्पोष्ट मल, भर्मिकम्पोष्ट, गड्यौला, बायोचार निर्माण कार्यक्रम सञ्चालनमा ल्याई दिगो कृषि उत्पादनको सुनिश्चितता गरिनेछ। साथै, कृषकको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, घुम्ती सेवा, प्राविधिक परामर्श र प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ।

३२. उत्पादनलाई उपभोगमुखीबाट व्यवसायिक र मूल्य शृंखलामा आधारित राजमा, फापर, कोदो, मौसमी तथा बेमौसमी तरकारी, स्याउ, ओखर, नास्पाती, किवी, जडीबुटी तथा मौरीपालनलाई प्राथमिकता प्राप्त कृषि उपक्षेत्रका रूपमा विकास गरिनेछ।

३३. स्थानीय वातावरण अनुकूल साना कृषि औजार, मिनी यान्त्रिकीकरण, प्लास्टिक टनेल, ड्रिप सिंचाइ, वर्षा पानी सङ्कलन जस्ता प्रविधि विस्तार गरिनेछ।

३४. स्थानीय होटल, होमस्टे, तीर्थयात्री सेवा, पर्यटकीय बजार तथा सहकारीमार्फत स्थानीय कृषि उत्पादनको खपत बढाउने तथा महिला, युवा, वैदेशिक रोजगारीबाट फर्केका नागरिक, विपन्न तथा सीमान्तकृत समुदायलाई अनुदान, तालिम, प्राविधिक सहयोग र उद्यम विकासमा प्राथमिकता दिइनेछ।

३५. कृषि सेवामा घुम्ती कृषि सेवा, कृषक पाठशाला, डिजिटल सूचना/सन्देश प्रणाली र प्राविधिक परामर्श सेवा विस्तार गरिनेछ।

३६. कृषकको आवश्यकता अनुसारको अन्तर जिल्ला स्तरीय कृषक अध्ययन अवलोकलन भ्रमणको व्यवस्था गरिनेछ।

३७. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न गाउँपालिकाभित्र रहेका कुनै पनि कृषियोग्य जमिन बाँझो राख्न दिइने छैन। बाँझो जमिनमा खेती गर्न चाहने जोकोही किसानलाई उत्पादनको मात्राको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ।

३८. **किसानको ध्यान कृषि प्राविधिकको ज्ञान** कार्यक्रम मार्फत कृषकहरुको अनुभव र गाउँपालिका कृषि विकास शाखाको प्राविधिक जनशक्तिको सहयोगमा स्थानीय स्तरमै तालिम सञ्चालन गरिनेछ।

**पशु सेवा कार्यनीति**

३९. वडाहरूमा भएका पशु सेवा एकाइहरूको व्यवस्थापन तथा एकाइ नभएका वडाहरूमा पशु सेवा एकाइ स्थापना गरी सम्पूर्ण पशुपालक कृषकहरूको लागि पशु प्राविधिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिनेछ।

४०. गाउँपालिका भित्रका सबै वडाका टोल टोलहरूमा हप्तामा एकपटक पशु चौपाया सम्बन्धी समस्याको कृषकहरूको गुनासो सुन्ने व्यवस्था गरिनेछ।

४१. विभिन्न संक्रामक रोगहरू विरुद्ध निःशुल्क खोप तथा औषधी वितरणमा निरन्तरता दिइनेछ।

४२. स्थानीय स्तरमा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न पशु प्रयोगशालाको स्थापना तथा व्यवस्थापन गरिनेछ।

४३. कृषकहरूको क्षमता अभिबृद्धिको लागि कृषक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

४४. विद्यालयस्तरमा जुनोटिक रोगहरूसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४५. रेविज मुक्त गाउँपालिका निर्माण गर्न रेविज रोग विरुद्ध निःशुल्क खोप तथा कुकुरहरूमा स्थायी बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

४६. पशु नश्ल सुधारका कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

४७. पशुपालक कृषकहरूलाई प्रोत्साहन तथा मनोवल बृद्धि गर्न उत्कृष्ट पशुपालक कृषकहरूलाई पुरस्कार तथा प्रमाण-पत्रको व्यवस्थापन गरिनेछ।

४८. आर्थिक अवस्था कमजोर भएका रोजगारी नभएका दलित, गरिब तथा विपन्न परिवारको आयआर्जन बृद्धि गरि जीवनस्तर सहज र गुणस्तरिय बनाउन निर्वाहमूखी पशुपन्छीपालन कार्यक्रम सञ्चालन गरिनेछ।

४९. पशुपालन व्यवसाय प्रवर्द्धन गर्न ५०% लागत साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

५०. एक स्वास्थ्य रणनीति अन्तर्गत पशुपन्छीबाट मानिस तथा मानिसबाट पशुपन्छीमा सर्न सक्ने रोगहरूको बारेमा जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ।

५१. वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई पशुपालन व्यवसाय गर्न प्रोत्साहन गरिनेछ।

५२. गाउँपालिका भित्र व्यवसायिक रुपमा चौंरीपालन, मत्स्यपालन (रेन्वो ट्रावट), बाख्रा/भेडापालन गरिरहेका विभिन्न फर्महरूको डकुमेन्ट्रीको निर्माण र प्रचार प्रसारका माध्यमबाट एग्रो टुरिजम प्रवर्द्धन र बजार सुनिश्चित्ताको लागि जोड दिइनेछ।

५३. चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न चौंरीपालक कृषक तथा गोठालाहरूलाई चौंरीपालन व्यवसायप्रति आकर्षित गर्न निःशुल्क अत्यावश्यक सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

५४. National Animal Health Information System (NAHIS) प्रणालीलाई प्रभावकारी रुपमा लागू गरिनेछ।

## (ख) सामाजिक विकास नीति

५५. समृद्ध, समावेशी, न्यायपूर्ण र मानव विकासमा आधारित समाज निर्माण गर्ने उद्देश्यले सामाजिक विकास क्षेत्रलाई गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा राखिएको छ। शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका, युवा, खेलकुद, सामाजिक सुरक्षा, लैङ्गिक समानता, समावेशीकरण तथा समुदाय सशक्तीकरणलाई सामाजिक विकासका प्रमुख आधारका रूपमा अगाडि बढाइनेछ। संविधानले सुनिश्चित गरेका आधारभूत सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै सेवा प्रवाहलाई गुणस्तरीय, उत्तरदायी र प्रविधिमैत्री बनाइनेछ।

## शिक्षा युवा तथा खेलकुद कार्यनीति

“अनिवार्य तथा निःशुल्क शिक्षा र शैक्षिक गुणस्तर, गोसाईकुण्ड गाउँपालिकाको शैक्षिक समृद्धिको आधार” नाराको रुपमा विकास गरिनेछ ।

५६. संविधान तथा प्रचलित कानुनबमोजिम गाउँपालिकाभित्र शिक्षालाई क्रमशः **पूर्ण रूपमा अनिवार्य, निःशुल्क, समावेशी, गुणस्तरीय तथा पहुँचयोग्य** बनाउँदै लगिनेछ तथा शून्य लागत शिक्षा अवधारणाअनुसार निःशुल्क पोसाक, शैक्षिक सामग्री र लक्षित सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५७. शैक्षिक सत्र २०८३ लाई "गुणस्तरीय शिक्षा प्रबर्द्धन वर्ष" का रुपमा घोषणा गरिनेछ। यसको लागि संस्थागत र सामुदायिक विद्यालय साझेदारी कार्यक्रम लागू गरी संस्थागत विद्यालयहरूको समेत सहभागितामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याइनेछ।

५८. कार्यान्वयनका लागि वडा कार्यालय एवम् विद्यालय व्यवस्थापन समितिसँगको समन्वयमा विद्यालयको भौतिक एवम् शैक्षिक सुधारका साथै अनुगमन निरीक्षणलाई प्रभावकारी बनाइनेछ ।

५९. गाउँपालिकाभित्र सञ्चालित न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयमा बहुकक्षा शिक्षण गर्ने व्यवस्था गरिनेछ। भौगोलिक दुरीको आधारमा न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूमा बाल विकास कक्षा मात्र सञ्चालन गरी कक्षा १ देखि नै छात्रावास सहितको पठन पाठनको व्यवस्थालाई थप व्यवस्थित गरिदै लगिनेछ।

६०. स्थानीय पाठ्यक्रम गोसाइकुण्ड गाउँपालिकाको सेरोफेरो "कक्षा १ देखि ५" सम्म संशोधन र कक्षा ६ देखि ८ सम्म विस्तार गरिएको छ। त्यसलाई थप व्यवस्थित गरी विद्यालयहरूमा निःशुल्क पाठ्यपुस्तक वितरण गरी शिक्षामा स्थानीय ज्ञान र संस्कृतिको निर्माण गरिनेछ।

६१. आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग शिक्षालाई जोडिनेछ। शिक्षकलाई सूचना तथा सञ्चार प्रविधिसँग परिचित गराई नवीन अवधारणा अनुसार शिक्षण सिकाई गर्न विद्यार्थीको परिमाण र शिक्षण सिकाईको गुणस्तरीयताको आधारमा एक विद्यालय-एक ल्यापटप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६२. गाउँपालिकाको शैक्षिक गुणस्तरलाई सुधार गर्न गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम लाई निरन्तरता दिई विद्यमान शिक्षा पद्धतिलाई आधुनिक, विज्ञान-प्रविधिमैत्री र अनुसन्धान-अन्वेषण लक्ष्यित बनाइनेछ तथा  विद्यालयको कार्यसम्पादनका आधारमा विद्यालयलाई थप आर्थिक अनुदान वितरणको व्यवस्था मिलाइनेछ।

६३. भौगोलिक रुपमा विद्यालयबाट टाढा बसोबास गर्ने विद्यार्थीका लागि निःशुल्क रुपमा विद्यालय बसको व्यवस्थालाई व्यवस्थित रुपमा सञ्चालनका लागि आवश्यक कार्यविधि बनाई नियमित रुपमा सञ्चालनमा रहने व्यवस्था मिलाइनेछ।

६४. बाल विकासदेखि कक्षा ३ सम्म अङ्ग्रेजी माध्यमबाट शिक्षण गर्ने विद्यालयलाई थप सहायता प्रदान गरिनेछ। यस कार्यका लागि शिक्षक अङ्ग्रेजी विषयमा दक्षता हासिल गरेका व्यक्तिहरूलाई स्वयम् सेवक शिक्षकको रुपमा परिचालन गरी शैक्षिक गुणस्तर सुधार गर्नुका साथै युवालाई सेवा भावप्रति अग्रसर गराइनेछ।

६५. बालबालिकाको स्वास्थ्य र सरसफाईप्रति ध्यान केन्द्रीत गर्न स्वास्थ्य शाखासँगको समन्वयमा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको नियमित रुपमा स्वास्थ्य परीक्षण र स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

६६. गाउँपालिकाभित्र सञ्चालित संस्थागत विद्यालय एवम् छात्रावासको नियमन गरी कानूनसम्मत रुपमा सञ्चालनको व्यवस्था मिलाउनुका साथै आर्थिक पारदर्शिता कायम गरिनेछ।

६७. शिक्षा क्षेत्रका सबै किसिमका छात्रवृत्तिहरू एकद्वार प्रणाली मार्फत वित्तरण गर्ने प्रबन्ध मिलाइनेछ। विभिन्न आयोजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूले दिने विद्यालय सहायता एवम् छात्रवृत्तिलाई समेत समाज कल्याण परिषद्सँगको समन्वयमा एकद्वार प्रणालीबाट लागू हुने व्यवस्था मिलाइनेछ।

६८. उपाध्यक्षसँग किशोरी कार्यक्रमलाई निरन्तरता दिँदै किशोरीहरूलाई प्रतिरक्षा लगायतका कार्यक्रम सञ्चालन गरी शारीरिक तथा मानसिक रुपमा सबल र सशक्त बनाइनेछ।

६९. विद्यार्थीहरूमा सङ्घीयता र स्थानीय सरकार गठन, कार्यसञ्चालन लगायतका विषयमा सुनिश्चित गराई राजनीतिक जागरण गराउने उद्देश्यले उपाध्यक्षसँग संसदीय अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ।

७०. स्थानीय उत्पादनको प्रर्वद्धन, विद्यार्थीको पोषण सुधार र विद्यार्थीलाई स्थानीय आवश्यकता अनुसारको सीप विकास एवम् श्रम संस्कृतिको विकास गर्न कृषि शाखाको समन्वयमा करेसाबारीको उत्पादनलाई विद्यार्थी दिवा खाजामा उपयोग गरिने नीति लिइनेछ।

७१. प्रधानाध्यापक, शिक्षक एवम् कर्मचारी प्रोत्साहनका लागि शुक्रवारीय क्रियाकलापमा पालिका एवम् विद्यालयको पहिचान सहितको शिक्षक पोसाकमा एकरुपतालाइ निरन्तरता दिइनेछ।

७२. विद्यालय सुशासन कायम गर्न विद्यालय लेखा प्रणालीमा सुधार गरिनेछ। सामुदायिक तथा संस्थागत विद्यालयको लेखापरीक्षण निश्चित मापदण्ड तोकी पालिका मार्फत तोकिएका लेखापरीक्षकबाट गर्ने व्यवस्था मिलाई आर्थिक पारदर्शिता कायम गरिनेछ।

७३. बालवालिकाको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरी प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरिनेछ। विद्यालयलाई संस्कृति संरक्षणको केन्द्रको रुपमा विकास गर्न साँस्कृतिक नृत्य, गायन लगायतका कार्यक्रम सञ्चालन र त्यसका लागि आवश्यक पोसाक लगायतका सामग्रीहरूको व्यवस्थापन मिलाइनेछ।

७४. नतिजा तथा कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यार्थी शिक्षक प्रधानाध्यापक तथा विद्यालयलाई पुरस्कृत गरी शिक्षण सिकाइमा थप उर्जा प्रदान गरिनेछ।

७५. समुदाय र विद्यालयको साझेदारीमा विद्यालय हरियाली कार्यक्रम सञ्चालन गरी विद्यालयमा हरियाली प्रवर्द्धन गरिनेछ।

७६. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी विद्यालयको विकास निर्माणमा सक्रिय बनाइनेछ ।

७७. विद्यालयमा सञ्चालन हुने त्रैमासिक परीक्षा र बार्षिक परीक्षा पालिकास्तरीय रुपमा सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइनेछ। त्रैमासिक रुपमा सबै कक्षाको पालिकास्तरीय सिकाई उपलब्धी स्तर मापन गरिनेछ र उक्त सिकाई उपलब्धी स्तरलाई शिक्षक प्रोत्साहनको सूचकको रुपमा उपयोग गरिनेछ।

७८. विपन, टुहुरा, अशक्त एवम् शैक्षिक सहायता आवश्यक पर्ने विद्यार्थीहरूका लागि पालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रममार्फत विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षामा पहुँच सुनिश्चित गरिनेछ। युवा तथा खेलकुदलाई विशेष प्राथमिकतामा राख्दै युवा प्रतिभा पहिचान एवम् खेलकुद हवका रुपमा पालिकालाई विकास गरिनेछ।

७९. शैक्षिक गुणस्तरमा सुधार ल्याउन गाउँपालिकाले प्रधानाध्यापक र विद्यालयका प्रधानाध्यापकले अन्य विषयगत शिक्षकसँग कार्य सम्पादन करार गर्ने र उपलब्धी सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ। उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई नमूना विद्यालयका रुपमा विकास गरिनेछ ।

८०. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी बनाउनका लागि संघीय र प्रादेशिक कानून बमोजिम शिक्षक पदपूर्ती तथा व्यवस्थापन गरिदै लगिनेछ।

८१. मातृभाषामा शिक्षा तथा विभिन्न अपाङ्गता भएका व्यक्तिहरूलाई अनिवार्य शिक्षा व्यवस्थाबका लागि भाषिक अवस्था र अपाङ्गता पहिचान गर्न भाषिक तथा अपाङ्गता सर्वेक्षण गरिनेछ। स्थानीय भाषा, संस्कृति तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धनका लागि सम्बुटा लिपिको अध्ययन, सिकाइ र प्रयोगलाई प्रोत्साहन गर्दै चरणबद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ।

८२. शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन कक्षा कोठामा डिजिटल प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ। त्यसका लागि क्षमता विकास तालिम लगायतका कार्यक्रमा सञ्चालन गरिनेछ।

८३. सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूको पेशागत विकासको लागि तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रमलाई मितव्ययी ढङ्गबाट सञ्चालन गरिनेछ।

८४. युवालाई रोजगारी सिर्जना गर्न प्लम्बर, व्युटिसियन लगायतको छोटा अवधिको तालिम सञ्चालन गरी रोजगारीका क्षेत्र पहिचान एवम् युवा सहायता कार्यक्रम सञ्चालन गरिनेछ।

८५. खेलकूद विकास र खेलाडी उत्पादनका लागि पालिका अध्यक्ष कप, राष्ट्रपति रनिङ शिल्ड एवम् विद्यालय स्तरबाट नै खेलकूद सम्बन्धी गतिविधिलाई चलायमान बनाई खेल हव पालिका रुपमा विकास गरिनेछ।

८६. खेलकुद विकास कार्यविधि, २०८१ मा भएको व्यवस्था बमोजिम गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदमा युवा सहभागिता तथा पालिका, जिल्ला, प्रदेश एवम् राष्ट्रिय स्तरका विभिन्न प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ। खेलकुदका लागि विनियोजित बजेटबाट व्यायाम तथा खेल सामग्रीहरूको व्यवस्थापन र विभिन्न खेलका स्थानीय प्रतियोगिताहरू सञ्चालन गरिनछ।

८७. सार्वजनिक निजी साझेदारीको मोडल अनुसार माउन्टेरिङ स्कुल कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

८८. पालिकाबाट विद्यालयहरूमा खेलकुद गतिविधिलाई प्रभावकारी र नतिजामुखी वनाउन आवश्यक खेल शिक्षकहरू नियुक्त गरिनेछ।

८९. विद्यालयहरूमा स्वच्छ निःशुल्क खानेपानीलाई सञ्चालनमा ल्याइनेछ।

<u>स्वास्थ्य सेवा कार्यनीति</u>

९०. पालिकावासीहरूको आधारभुत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पूर्ण वडामा स्थापना भई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूको सुदृढीकरण गर्दै लगिनेछ।

९१. जेष्ठ नागरिक, दीर्घ रोगी तथा आपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क निमोनिया विरुद्धको खोपलाई निरन्तरता गरिनेछ।

९२. साझेदारी कार्यक्रम मार्फत गोसाईकुण्ड गाउँपालिकालाई हेल्दी पालिकाको रुपमा विस्तार गरिनेछ र विरामीलाई प्रेषणको रुपमा निःशुल्क हेली रेस्कू सेवालाई निरन्तरता दिइनेछ।

९३. समुदायस्तरमा स्वास्थ्य सेवाको सहज पहुँचका लागि स्थापना भएका गाउँ घर क्लिनिक र वाह्य खोप क्लिनिकलाई व्यवस्थित गर्दै लगिनेछ।

९४. विपन्न नागरिकहरूका लागि उपलब्ध गराउँदै आएको स्वास्थ्य उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९५. वडा नं. ५ स्याफ्रुबेशी स्वास्थ्य चौकी र वडा नं. ६ रसुवा स्वास्थ्य चौकी धुन्चेमा निःशुल्क रुपमा उपलब्ध भैरहेको प्याथोलोजी ल्याव सेवालाई निरन्तरता दिइनेछ र आवश्यक भएको स्थानमा ल्याव सेवालाई विस्तार गरिनेछ।

९६. मानसिक स्वास्थ्य तथा नसर्ने रोगसँग सम्बन्धित रोगीहरूले नियमित सेवन गर्ने औषधी गाउँपालिकाबाट विशेष व्यवस्था गरी स्वास्थ्य संस्थाबाट उपलब्ध गराइनेछ।

९७. गाउँपालिकामा बढ्दै गएको सर्ने तथा नसर्ने रोगको न्यूनीकरणको लागि समुदायस्तरमा पालिका अध्यक्ष स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९८. नागरिक आरोग्यता प्रवर्द्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे विद्यालय तह समेतमा सचेतना कार्यक्रमहरू मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ।

९९. एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९ अनुरुप गर्भवती महिला र जेष्ठ नागरिकलाई अस्पतालसम्म सहज पहुँचका लागी निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता तथा विस्तार गरिनेछ।

१००. पालिका उपाध्यक्ष कार्यक्रम मार्फत गर्भवती सुत्केरी लाई दिँदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ। साथै, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ। महिलाहरूको प्रजनन् स्वास्थ्यलाई विशेष प्राथामिकतामा राखी मातृ तथा वाल स्वास्थ्य सेवालाई थप सुदृढ बनाइनेछ। साथै, पाठेघर मुखको क्यान्सर, आङ खस्ने लगायतका रोगहरूको पहिचानको लागि स्क्रिनिङ क्याम्पलाई निरन्तरता दिइनेछ।

१०१. सरकारी तथा गैरसरकारी संघसंस्थाको साझेदारीमा रोगको निदान तथा उपचार गर्नको लागि विशेषज्ञसहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१०२. स्वास्थ्यकर्मी तथा सामूदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको दक्षता विकासको लागि क्षमता अभिवृद्धि गरी उनीहरूको सेवालाई थप प्रभावकारी बनाइनेछ। फिल्डमा खटिने स्वास्थ्यकर्मी तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आवश्यक सामाग्रीहरूको व्यवस्था गरिनेछ।

१०३. हाल प्रदेश अन्तर्गतको अस्पतालबाट मात्र निःशुल्क प्रदान गरिदै आएको रेविज, टि.टि भ्याक्सिन गाउँपालिका अन्तर्गतको सबै स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्धलाई निरन्तरता दिइनेछ।

१०४. सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरूको लागि नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ। स्वास्थ्य सेवालाई अझ प्रभावकारीबाट संचालन गर्न समुदायमा स्वास्थ्यकर्मी परिचालनको लगि एक स्वास्थ्य चौकी एक यातायात साधनको विस्तार गर्दै लगिनेछ।

१०५. सुरक्षित खानेपानी सेवनको लागि खानेपानीको नियमित निगरानी तथा गुणस्तर परिक्षण गरिनेछ। स्वास्थ्य संस्थावाट निस्कने फोहर मैलालाई व्यवस्थित विसर्जनको लागि आवश्यक पहल गरिनेछ।

१०६. पालिकावासी तथा आन्तरिक एवं बाह्य पर्यटकलाई स्वस्थ, आनन्ददायी र आरामदायी अनुभव प्रदान गर्न निजी क्षेत्र तथा सरोकारवाला निकायसँग सहकार्य गरी वेलनेस भिलेजको अवधारणा अनुसार स्वास्थ्य, योग, ध्यान, प्राकृतिक अनुभव तथा मनोरञ्जन प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम**

१०७. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण (GESI AUDIT) गर्ने व्यवस्था मिलाइनेछ।

१०८.अपाङ्गता भएका व्यक्तिहरूको हित तथा संरक्षणका लागि परिचयपत्र वितरण, सार्वजनिक निकायहरूमा अपाङ्गता मैत्री पूर्वाधार व्यवस्थापन गर्ने र विपन्न परिवारका अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा सहज जीवनयापनका निम्ति सिपमूलक तालिम एवम् व्यवसाय सञ्चालनमा बीउ पुँजी अनुदान प्रदान गर्ने नीति लिइनेछ।

१०९.सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै सामाजिक तथा सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सडक नाटकजस्ता सामाजिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ।

११०.असहाय, अशक्त तथा जोखिममा परेका नागरिकको समुदायमै संरक्षण तथा पुनर्स्थापना सेवाको व्यवस्था गरिनेछ। अपाङ्गता भएका व्यक्तिलाई उद्यमशीलता र रोजगारमूलक सिप एवम् व्यवसाय सञ्चालनमा बीउ पुँजी अनुदान प्रदान गरी आत्मनिर्भर बनाइनेछ। सार्वजनिक संरचनालाई पूर्ण रुपमा अपाङ्गतामैत्री बनाइनेछ।

१११.जनजातिहरूको भाषा, लिपि र संस्कृतिको जगेर्ना गर्दै मौलिक इतिहास र संस्कृतिको संरक्षण, सम्बर्द्धन र लिपिबद्ध गरिनेछ।

११२.उद्यम व्यवसायमा संलग्न महिला व्यवसायहरूको व्यवसाय प्रवर्द्धनका लागि व्यावसायिक महिला समूह निर्माण एवम् प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११३.सम्मानित ज्येष्ठ नागरिक हाम्रो अभियान अन्तर्गत ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन तथा सहायता एवम् सम्मान कार्यक्रमलाई प्रोत्साहित गरिनेछ। ज्येष्ठ नागरिक हरूबीचमा भेटघाट, अनुभव बाँड्न र सिर्जनात्मक कार्य गर्न जोमखाङ कार्यक्रम सञ्चालन गरिनेछ।

११४.स्थानीय स्तरमा महिला तथा बालबालिका सम्बन्धी तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गरिने।

## (ग) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र नीति

११५.नेपालको संविधानले परिकल्पना गरेको उत्तरदायी, पारदर्शी, सहभागितामूलक तथा परिणाममुखी स्थानीय शासन व्यवस्थालाई संस्थागत गर्न सुशासनलाई विकासको आधारका रूपमा अवलम्बन गरी स्थानीय सरकारप्रति जनविश्वास अभिवृद्धि गर्नको लागि सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाउँदै जाने नीति लिइनेछ।

## सुशासन तथा संस्थागत विकास कार्यनीति

११६.सदाचारिता प्रवर्द्धन र गुणस्तरीय सेवा मार्फत सुशासनको प्रत्याभूति गर्नको लागि वडा कार्यालयहरूलाई पूर्वाधार सम्पन्न प्रविधियुक्त बनाई सेवाग्राहीमैत्री बनाइनेछ।

११७.वायोमेट्रिक प्रविधिद्वारा वडा वडामा सामाजिक सुरक्षा भत्ताको नवीकरणको व्यवस्था मिलाइनेछ।

११८.भ्रष्टाचार र अनियमितता रोक्न स्थानीय सदाचार नीति र आवश्यक कानून बनाई कार्यान्वयन गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी एवं लेखा समितिलाई सक्रिय बनाई बेरुजू फछ्र्यौटको कार्यलाई अगाडि बनाइनेछ।

११९.सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक सुनुवाई र वार्षिक समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१२०.दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी गाउँपालिकाको योजना, बजेट तथा कार्यक्रममा समावेश गरी स्रोतको व्यवस्थापन र कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।

१२१.स्थानीय तहमा गठन हुने उपभोक्ता समिति तथा टोल विकास संस्थाहरूलाई योजना सञ्चालन, प्रचलित ऐन कानूनको पालना र योजना फरफारकसम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१२२.गाँउपालिकाको खर्चमा मितव्ययिता अपनाउने, फजुल खर्च नियन्त्रण गर्ने र आर्थिक कारोबारलाई पूर्ण रूपमा पारदर्शी बनाउने नीति लिइनेछ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमलाई अद्यावधिक गरी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को पूर्ण पालना गर्दै वित्तीय अनुशासन कायम गरिनेछ। आर्थिक अनियमितता प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

१२३.स्वीकृत कार्यक्रमहरूको भुक्तानी प्रक्रियालाई सरल, सहज र छिटो-छरितो कार्यन्वयन गरी उपभोक्ता समिति र निर्माण व्यवसायीहरूको भुक्तानी समयमै हुने व्यवस्था मिलाइनेछ। जटिल प्रकृतिका १० लाखभन्दा माथिका पूर्वाधार निर्माणका योजनाहरू E-Tender प्रक्रिया मार्फत कार्यान्वयनमा लगिनेछ। साथै, Party Payment कार्यलाई प्रोत्सहित गरिनेछ। बजेट र खर्चको स्थितिबारे प्रत्येक त्रैमासिक रूपमा समीक्षा गरी रकमान्तर तथा स्रोतान्तर प्रक्रियालाई व्यवस्थित गरिनेछ।

१२४.गाँउपालिकाका सबै वडा कार्यालयहरू र मातहतका निकायहरूमा वित्तीय प्रतिवेदन र सञ्चित कोष व्यवस्थापनका लागि **SuTRA** प्रणालीलाई अनिवार्य र व्यवस्थित बनाइनेछ। वडास्तरबाट सङ्कलन हुने स्थानीय कर तथा राजस्वलाई पूर्ण रुपमा सन्चालनमा ल्याई दैनिक रूपमा बैङ्क दाखिला गरी सञ्चित कोषमा जम्मा हुने प्रणालीलाई डिजिटल र प्रभावकारी बनाइनेछ।

१२५.आर्थिक कारोबारमा हुन सक्ने जोखिम न्यूनीकरणका लागि 'आन्तरिक नियन्त्रण कार्यविधि' पूर्ण रूपमा लागू गरिनेछ। बेरुजु फस्यौंट कार्यलाई प्राथमिकता दिँदै विगतका वर्षहरूको बेरुजूलाई क्रमशः घटाउँदै लैजान र चालु वर्षमा बेरुजु नहुने गरी कार्य गर्न 'बेरुजु फस्यौंट **कार्ययोजना**' बनाई कडाइका साथ लागू

गरिनेछ। आन्तरिक लेखापरीक्षणलाई नियमित र रचनात्मक बनाई महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण हुनु अगावै गल्ती तथा त्रुटिहरू सुधार गर्ने नीति लिइनेछ। वडा सचिवहरू र लेखामा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि वित्तीय अनुशासन र SuTRA सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ। आर्थिक प्रशासनलाई क्रमशः प्रविधिमैत्री बनाउँदै अनलाइन भुक्तानी (e-Payment) र डिजिटल भौचर प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१२६.डिजिटल गाउँपालिका अवधारणाअनुसार सेवा प्रवाहलाई क्रमशः विद्युतीय प्रणालीमा रूपान्तरण गरिनेछ। सार्वजनिक सूचना प्रणाली तथा डिजिटल सूचना बोर्ड स्थापना गरिनेछ।

१२७.गोसाईकुण्ड गाउँपालिकाको पाँच बर्षे र दश बर्षे उपलब्धीहरूको अभिलेख र प्रचारप्रसार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१२८.नेपाल सरकारले तीन तहकै सङ्गठन तथा व्यवस्थापन (O&M Survey) सर्भेक्षण मापदण्ड जारी गरिसकेको परिप्रेच्छमा सोही बमोजिम यस गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन (O&M Survey) सर्भेक्षण गरी सङ्गठन संरचनालाई चुस्त, दुरुस्त र लागतप्रभावी बनाइनेछ।

१२९.करार सेवाका कार्यरत कर्मचारीहरूको पारिश्रमिकको अपुग रकम गाउँपालिकाबाट विनियोजन गरिनेछ।

<u>न्यायिक समिति कार्यनीति</u>

१३०.स्थानीय स्तरमा हुने सानातिना विवादहरूलाई मेलमिलापको माध्यमबाट तल्लो तहमै निरूपण गरी "विवादरहित समुदाय" निर्माण गर्न यस गाउँपालिका दृढ संकल्पित रहेको छ। आगामी आर्थिक वर्षमा अदालत र प्रहरी कहाँ धाउनुपर्ने नागरिकको बाध्यतालाई कम गर्न **"पहिलो विकल्पः मेलमिलाप"** नीति अवलम्बन गरिनेछ।

१३१.**"वडा-वडामा न्यायः टोल-टोलमा मेलमिलाप"** कार्यक्रम अन्तर्गत यस स्थानीय तहका सबै वडाहरूमा रहेका मेलमिलाप केन्द्रहरूलाई सुदृढ बनाइनेछ। वडा तहमा कार्यरत मेलमिलापकर्ताहरूको कानूनी ज्ञान र विवाद निरूपण सम्बन्धी सीपलाई थप तिखार्न विशेष पुर्नताजगी तालिम सञ्चालन गरिनेछ।

१३२.समाजमा अपराध र विवाद हुनै नदिने रोकथाम मूलक न्याय नीतिको रूपमा समुदाय र टोल तहमा **"न्यायमा नागरिकको पहुँच" सचेतना अभियान** सञ्चालन गरिनेछ। साथै, विद्यार्थीहरूलाई लक्षित गरी कानूनी अधिकार र कर्तव्य बुझाउन **"विद्यालय कानूनी साक्षरता"** कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिनेछ।

१३३.भौगोलिक विकटता वा आर्थिक अभावका कारण कोही पनि न्यायबाट वञ्चित हुन नपरोस् भन्नका लागि **"विपन्नका लागि निःशुल्क कानूनी सहायता कोष"** स्थापना गरिनेछ। यस कोषमार्फत असहाय, महिला तथा अल्पसङ्ख्यक नागरिकलाई निःशुल्क कानूनी परामर्श उपलब्ध गराइनेछ।

१३४.लैङ्गिक तथा घरेलु हिंसामा परेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको तत्काल उद्धार, अल्पकालीन संरक्षण र आकस्मिक राहतका लागि **"हिंसा पीडित आकस्मिक संरक्षण कोष"** को व्यवस्था मिलाएको छु। विवादित क्षेत्रको स्थलगत निरीक्षण, नापजाँच र प्राविधि कार्यलाई प्रभावकारी बनाइनेछ।

## श्रम तथा रोजगार कार्यनीति

१३५.स्थानीय स्तरमा उपलब्ध श्रमशक्ति, सीप तथा रोजगारी अवसरको पहिचान गरी श्रम बजार सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ।

१३६.श्रम गर्ने संस्कृतिको विकास गर्दै श्रमलाई सम्मान गर्ने र मर्यादित श्रम सहितको रोजगारीको सुनिश्चितता गरिनेछ। श्रमको हक, अधिकार र न्यूनतम पारिश्रमिकको व्यवस्था गरिनेछ। सूचिकृत बेरोजगार व्यक्तिहरूलाई राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामार्फत न्यूनतम रोजगारी उपलव्ध गराइनेछ।

१३७.स्थानीय आवश्यकताअनुसार सीपमूलक, व्यावसायिक तथा उद्यमशीलता विकास तालिम सञ्चालन गरी रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ।

१३८.युवा, महिला, विपन्न तथा लक्षित वर्गलाई स्वरोजगार तथा उत्पादनमुखी उद्यम सञ्चालनमा प्रोत्साहन गरिनेछ।

१३९.स्थानीय पूर्वाधार तथा विकास आयोजनामा स्थानीय श्रमशक्तिको अधिकतम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१४०.सुरक्षित, मर्यादित तथा व्यवस्थित वैदेशिक रोजगारी सम्बन्धी सूचना, परामर्श तथा सहजीकरण सेवा विस्तारका लागि रोजगार सेवा केन्द्रलाई प्रभावकारी ढङ्गले परिचालन गरिनेछ।

१४१.कृषि, पर्यटन, घरेलु तथा साना उद्योगसँग रोजगार कार्यक्रमलाई आबद्ध गरी आयआर्जनका अवसर विस्तार गरिनेछ।

१४२.श्रमिकको अधिकार संरक्षण, सुरक्षित कार्य वातावरण तथा श्रम ऐनअनुसार श्रम सम्बन्ध व्यवस्थापनमा जोड दिइनेछ।

१४३.निजी क्षेत्र, सहकारी तथा अन्य सरोकारवालासँग सहकार्य गरी दिगो तथा उत्पादनशील रोजगारी सिर्जना गरिनेछ।

१४४.बेरोजगार युवाको तथ्याङ्क अद्यावधिक गरी रोजगार सेवा केन्द्रमार्फत रोजगारी तथा उद्यमसँग जोड्ने व्यवस्था गरिनेछ।

१४५.वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई उद्यमशील कार्यमा उत्प्रेरित गरी गाउँमा नै बस्ने वातावरण निर्माण गरिनेछ।

१४६.सुरक्षित आप्रवासन (SaMi) कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

## (घ) पूर्वाधार विकास नीति

१४७.गाउँपालिकाको यातायात पूर्वाधार, भवन तथा शहरी पूर्वाधार र सम्पदा पूर्वाधारलाई विकासको प्रमुख सम्बाहकका रुपमा लिई यसको निरन्तर रुपमा निर्माण, स्तरोन्नति तथा मर्मत सम्भार गरी विकासलाई गतिशिल बनाउने नीति लिइनेछ।

## पूर्वाधार विकास कार्यनीति

१४८.गाउँपालिकाका सबै वडा केन्द्रहरूलाई बाह्रै महिना सञ्चालन हुने सुरक्षित सडक सञ्जालसँग जोड्ने नीति अवलम्बन गरिनेछ। ग्रामीण सडकहरूको स्तरोन्नति, ढलान, ग्राभेल तथा नियमित मर्मतसम्भारलाई प्राथमिकता दिइनेछ। सडक निर्माणमा वातावरणीय प्रभाव न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनका उपाय अनिवार्य रूपमा अवलम्बन गरिनेछ। सडक कटान, पहिरो तथा भू—क्षय नियन्त्रणका लागि जैविक तथा संरचनागत संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ। कृषि, पर्यटन तथा उत्पादन क्षेत्रसँग जोडिएका रणनीतिक सडकहरूलाई प्राथमिकताका साथ विकास गरिनेछ। झोलुङ्गे पुल, ट्रस पुल तथा अन्य वैकल्पिक यातायात पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गरिनेछ।

१४९.उपभोक्ता समितिलाई कार्य सुरुहुनु अगावै लागत अनुमान, नक्सा, बिलिङ तथा प्राविधिक क्षमता विकास सम्बन्धी अभिमूखीकरण कार्यक्रम प्रदान गरिनेछ।

१५०.उपभोक्ता समितिबाट हुने कार्यहरूलाई दीगो, प्रभावकारी, समुदायमैत्री बनाउन कार्यविधीलाई व्यवस्थित बनाइनेछ।

१५१.निर्माण गुणस्तर सुनिश्चित गर्न कोर कटर (Core Cutter) को व्यवस्था गरी प्रयोगमा ल्याइनेछ ।

१५२.पूर्वाधार योजना तथा अनुगमनमा ड्रोन सर्भे प्रविधि प्रयोगमा ल्याउन आवश्यक पहल गरिनेछ।

१५३.भवन संहिता तथा निर्माण मापदण्ड कडाइका साथ कार्यान्वयन तथा अनुगमन गरिनेछ।

१५४.लाङटाङ—गोसाइँकुण्ड क्षेत्रको पर्यटनको मौलिकता संरक्षण गर्दै स्थानीय आपूर्ति प्रणालीलाई सहज बनाउन वैकल्पिक ढुवानी प्रणाली (कार्गो रोपवे) सम्बन्धी विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ।

१५५.सम्पदा पूर्वाधारलाई संरक्षण र सम्वर्द्धन गर्दै सांस्कृतिक सम्पदाको जगेर्ना गरिनेछ।

१५६. विकास बजेटलाई उत्पादनशिल क्षेत्रमा विनियोजन गर्न प्राथमिकता दिइनेछ। विकास निर्माणमा अध्ययन, अनुसन्धान र डिजाइन पक्षलाई जोड दिदै विस्तृत अध्ययन डिजाइन प्रणालीलाई संस्थागत गरिनेछ|

१५७. नयाँ बन्ने संरचनाहरूको नक्सा बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ।

१५८. गाउँपालिका भित्र सञ्चालन गरिने आयोजनाहरूलाई छनौट गर्दा भविष्यमा रोजगारी सृजना हुने तथा गाउँपालिकाको आर्थिक वृद्धिलाई टेवा पुग्ने खालका आयोजनाहरूलाई प्राथमिकता दिइनेछ|

१५९. यातायात पूर्वाधारलाई थप व्यवस्थित गर्न सडक सञ्जाललाई विस्तार र स्तरोन्नती गर्दै लगिनेछ।

१६०.गाउँपालिका तथा वडा कार्यालयका भवनहरूलाई सुरक्षित, व्यवस्थित, अपाङ्गतामैत्री तथा प्रविधिमैत्री बनाइनेछ।

१६१.विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन तथा सार्वजनिक संरचनाहरूको स्तरोन्नति गरिनेछ।

१६२.सार्वजनिक भवन निर्माण गर्दा स्थानीय कला, संस्कृति तथा भूकम्प प्रतिरोधी मापदण्डलाई प्राथमिकता दिइनेछ।

१६३.जलवायु अनुकुलन र उर्जा प्रबलीकरण भवन निर्माण प्रविधिलाई थप कार्यान्वयनमा लगिनेछ।

१६४.मौलिक भवन निर्माण गर्दा तोकिएको मापदण्ड अनुसार प्रक्रिया पूरा गर्ने पालिकाबासीलाई अनुदान उपलव्ध गराइनेछ।

१६५.सम्पदा पूर्वाधारलाई संरक्षण र सम्बर्द्धन गर्दै सांस्कृतिक सम्पदाको जगेर्ना गरिनेछ।

१६६.मध्यकालीन खर्च संरचना र आवधिक योजनाको निर्माण गर्दै गाउँपालिकामा आयोजना बैङ्कको स्थापना गरी सोही बैङ्कमा प्रविष्ट भएका योजनाहरूलाई मात्र कार्यान्वयनमा लैजाने कार्यलाई प्रोत्साहित गरिनेछ।

१६७.बजार क्षेत्र तथा बस्तीहरूको व्यवस्थित विकासका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

१६८.सार्वजनिक शौचालय, प्रतीक्षालय, पार्क तथा खुला क्षेत्रहरूको विकास गरिनेछ।

**<u>फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण कार्यनीति</u>**

१६९."स्वच्छ गोसाईकुण्ड, दिगो पर्यटन" अभियान सञ्चालन गर्दै गाउँपालिकाभित्र स्रोतमै फोहोर वर्गीकरण तथा वैज्ञानिक व्यवस्थापन प्रणाली लागू गरिनेछ।

१७०.बाढी, पहिरो, हिमपहिरो तथा अन्य प्राकृतिक विपद्बाट जोखिममा रहेका क्षेत्रहरूको पहिचान गरी संरक्षण संरचना निर्माण गरिनेछ। नदी नियन्त्रण, तटबन्ध, ग्याबियन जाली, मेसिनरी वाल तथा ढल व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ। सबै सार्वजनिक पूर्वाधार निर्माणमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु

अनुकूलनका मापदण्ड लागू गरिनेछ। विपद्को समयमा तत्काल उद्धार तथा राहत कार्यका लागि आवश्यक पूर्वाधार र उपकरण व्यवस्थापन गरिनेछ।

१७१.प्रमुख पर्यटकीय तथा धार्मिक क्षेत्रहरूमा फोहोर सङ्कलन केन्द्र तथा पुनःप्रयोग तथा पुनर्चक्रण पूर्वाधारको विकास गरिनेछ।

१७२.ट्रेकिङ तथा धार्मिक पदमार्गहरूमा "Carry In–Carry Out" अवधारणा लागू गर्दै पर्यटन क्षेत्रलाई फोहोरमुक्त बनाउने अभियान सञ्चालन गरिनेछ।

१७३.होटल, लज, रेष्टुरेन्ट तथा अन्य व्यवसायिक संस्थाहरूलाई अनिवार्य रूपमा फोहोर वर्गीकरण, अभिलेखीकरण तथा जिम्मेवार व्यवस्थापन प्रणालीमा आबद्ध गरिनेछ।

१७४.एकल प्रयोग हुने प्लास्टिकजन्य सामग्रीको प्रयोग न्यूनीकरण गर्दै वातावरणमैत्री विकल्पहरूको प्रवर्द्धन गरिनेछ।

१७५.जैविक फोहोरको व्यवस्थापनका लागि कम्पोष्ट उत्पादन तथा पुनःप्रयोग योग्य वस्तुको पुनर्चक्रणलाई प्रोत्साहन गरिनेछ।

१७६.विद्यालय, सामुदायिक संस्था, युवा क्लब तथा आमा समूहको सहभागितामा नियमित सरसफाई तथा वातावरणीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१७७.फोहोरमैला व्यवस्थापन सम्बन्धी कानून, मापदण्ड तथा कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्दै जथाभावी फोहोर फाल्ने तथा खुला रूपमा फोहोर जलाउने कार्यलाई निरुत्साहित गरिनेछ।

१७८.लाङटाङ राष्ट्रिय निकुञ्ज, विकास साझेदार तथा निजी क्षेत्रसँगको सहकार्यमा दिगो फोहोर व्यवस्थापन तथा वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१७९."शून्य फोहोर पर्यटकीय गन्तव्य" अवधारणालाई चरणबद्ध रूपमा कार्यान्वयन गर्दै गोसाईकुण्ड गाउँपालिकालाई स्वच्छ, हरित र जलवायु उत्थानशील पालिकाको रूपमा विकास गरिनेछ।

१८०.मादक तथा अन्य पेय पदार्थमा सिसाको बोतल प्रयोगलाई निरुत्साहित गरी, त्यसको सट्टा क्यानको प्रयोगलाई वैकल्पिक रूपमा प्रोत्साहन गरिनेछ।

१८१.गोसाईकुण्ड गाउँपालिकाका सबै वडाहरूमा प्रभावकारी फोहरमैला व्यवस्थापनका लागि 'फोहरमैला व्यवस्थापन समिति गठन गरि संचालनमा ल्याईनेछ ।

गाउँ सभाका सदस्यहरू!

१८२.आर्थिक वर्षको २०८३।८४ को नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियालाई सफल, समावेशी, व्यवहारिक तथा परिणाममुखी बनाउन प्रत्यक्ष अप्रत्यक्ष रूपमा अमूल्य सुझाव, मार्गदर्शन, सहकार्य र योगदान प्रदान गर्नुहुने जनप्रतिनिधिहरू, कार्यपालिका सदस्यहरू, विषयगत समिति, वडा समिति, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, शिक्षक, बुद्धिजीवी, सञ्चारकर्मी, युवा तथा महिला समूह, विकास साझेदार संस्था तथा सम्पूर्ण गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु।

१८३.यस नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सम्पूर्ण सम्बन्धित पक्षहरूबाट पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद !

कैसाङ नुर्पु तमाङ

गाउँपालिका अध्यक्ष

२०८३ असार १० बुधवार